# मुक्तिनाथ कृषि कम्पनी लि.
# MUKTINATH KRISHI COMPANY LTD.

**(An Associate Company of Muktinath Bikas Bank Ltd.)**
Basundhara Ringroad, Kathmandu, Nepal
Tel: +977-1-4950097, Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

## साधारण शेयरको निष्काशन तथा बिक्री बन्द बारेको सूचना

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड रुपैंया मात्र) को २०% ले हुन आउने रु.१४,००,००,०००/- (अक्षरेपी चौंध करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर रु.१००/– अंकित दरको १४,००,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुका लागि छुट्ट्याएको र उक्त शेयर मध्येको ५% ले हुन आउने ७०,००० कित्ता शेयर सामूहिक लगानी कोषका लागि तथा १०% ले हुन आउने १,४०,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई बाँडफाँड गरिएको र ३% ले हुन आउने ४२,००० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि सुरक्षित गरी बाँकी रहने ११,४८,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि मिति २०८० मंसिर ८ गते शुक्रबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरेभन्दा बढी शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८० मंसिर १२ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तीनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० मंसिर १२ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तीनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १० कित्ता** | **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००० कित्ता**

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड, बसुन्धारा काठमाडौं र वेबसाइट www.muktinathkrishi.com |
| २ | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट www.nimbacecapital.com |
| ३ | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी विवरण**

| विवरण | वास्तविक | | | अपरिस्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०९.४६ | १०५.२६ | ७६.८१ | ९०.३२ | १०१.१८ | १०७.३९ | ११३.७९ |
| प्रति शेयर आम्दानी (रु.) | ३.०१ | ०.१८ | (२८.५४) | ३.४८ | ८.७३ | १४.३० | २२.९६ |
| संचित नाफा/नोक्सानी (रु.) | १७,०१९,८९४ | १३,१९९,०४५ | (६७,९००,५२७) | (४८,३८७,६६८) | ६,२७२,४६२ | ५६,१४३,९५१ | १०७,६९०,५२३ |

## क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "[ICRANP -IR] BB-" (pronounced as ICRA NP Issuer Rating Double B Minus) ग्रेडिङ्ग मिति २०७९/१०/०६ मा प्राप्त गरेको छ। "[ICRANP -IR] BB-" (Issuer Rating) ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम (Moderate risk of default regarding timely servicing of financial obligation) जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ। यसको अर्थ "[ICRANP -IR] BB-" स्थिती "[ICRANP -IR] BB" भन्दा एक चिन्ह तल रहन्छ।**

**ग्रेड प्रदान गरेको मिति : वि.सं. २०७९/१०/०६** | **ग्रेड बहाल रहने अवधि : वि.सं. २०८०/१०/०२**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८० मंसिर ५ गतेको "अन्नपूर्ण पोष्ट्" राष्ट्रिय दैनिक**मा दोस्रो चरणमा प्रकाशित **आव्हान पत्र** वा निष्काशन कम्पनीको वेबसाईट www.muktinathkrishi.com अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nimbacecapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**NIMB ACE CAPITAL LIMITED**
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलःinfo@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com